# साना व्यवसायलाई बिनाधितो दस लाखसम्म डिजिटल कर्जा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २५ गते*



नेपाल राष्ट्र बैङ्कले डिजिटल माध्यमबाट प्रवाह हुने कर्जाको दायरा विस्तार गर्दै लघु, साना तथा मझौला व्यवसायीलाई अधिकतम १० लाख रुपियाँसम्म बिनाधितो ऋण उपलब्ध गराउने व्यवस्था गरेको छ।

राष्ट्र बैङ्कले सोमबार 'विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जासम्बन्धी मार्गनिर्देशन, २०७८' संशोधन गर्दै डिजिटल कर्जाको सीमा बढाएको हो । यसअघि डिजिटल कर्जाको अधिकतम सीमा पाँच लाख रुपियाँ रहेकोमा अब व्यावसायिक प्रयोजनका लागि १० लाख रुपियाँसम्म कर्जा लिन सकिने व्यवस्था गरिएको हो।

संशोधित व्यवस्था अनुसार लघु, साना तथा मझौला व्यवसायीले डिजिटल कारोबार, भुक्तानी तथा बिक्रीवितरणको विवरणका आधारमा दीर्घकालीन चालु पुँजी कर्जाका रूपमा १० लाख रुपियाँसम्म र अल्पकालीन चालु पुँजी कर्जाका रूपमा पाँच लाख रुपियाँसम्म ऋण प्राप्त गर्न सक्ने भएका छन्। यस्तो कर्जा लिन धितो आवश्यक नपर्ने राष्ट्र बैङ्कले जनाएको छ।

राष्ट्र बैङ्कका अनुसार व्यवसायीले डिजिटल माध्यमबाट गर्ने कारोबारको अभिलेखलाई आधार बनाएर बैङ्क तथा वित्तीय संस्थाले कर्जा मूल्याङ्कन गर्ने छन्। यसले व्यवसायीलाई बैङ्कसम्म धाउनुपर्ने झन्झट कम गर्नुका साथै वित्तीय पहुँच विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

व्यक्तिगत ग्राहकतर्फ भने हाल कायम रहेको व्यवस्था यथावत् राखिएको छ। तलबी खाता वा नियमित आम्दानी जम्मा हुने खाता भएका ग्राहकले अधिकतम पाँच लाख रुपियाँसम्म डिजिटल कर्जा लिन सक्ने व्यवस्था मार्गनिर्देशनमा छ । यस्तै नियमित आम्दानीको आधार पुष्टि नभएका अन्य व्यक्तिले अधिकतम दुई लाख रुपियाँसम्म कर्जा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ। यी कर्जाको भुक्तानी अवधि अधिकतम तीन वर्ष तोकिएको छ।

मार्गनिर्देशनमा राष्ट्र बैङ्कले ग्राहकको गोपनीयता, तथ्याङ्क सुरक्षा तथा जोखिम व्यवस्थापनमा विशेष ध्यान दिन पनि निर्देशन दिएको छ। प्रविधिप्रदायकसँगको सहकार्यमा ग्राहकको व्यक्तिगत विवरण सुरक्षित राख्न अनिवार्य गोपनीयता सम्झौता गर्नुपर्ने तथा डिजिटल कर्जासम्बन्धी सम्पूर्ण जोखिमको जिम्मेवारी सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले नै वहन गर्नुपर्ने व्यवस्था गरिएको छ।

नयाँ व्यवस्थाले डिजिटल बैङ्किङ सेवाको विस्तार, नगदरहित कारोबारको प्रवर्धन तथा लघु, साना र मझौला उद्यमको वित्तीय पहुँच अभिवृद्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

## फुकोट कर्णाली जलविद्युत् आयोजना

# स्थानीयलाई प्राथमिकता दिन सर्वोच्चको आदेश

**प्रेमराज सिम्खडा**
*कालीकोट, जेठ २५ गते*



सर्वोच्च अदालतले कालीकोटको फुकोट कर्णाली जलविद्युत् आयोजना निर्माण गर्दा स्थानीय बासिन्दाको अधिकतम हितमा काम गर्न भन्दै सरकारका नाममा छब्बुँदे निर्देशनात्मक आदेश जारी गरेको छ । फुकोट कर्णालीबारे गरिएको समझदारी नेपालको हितविपरीत भएको दाबी गर्दै दायर गरिएको रिट निवेदनमा सर्वोच्च अदालतले निर्देशनात्मक आदेश जारी गरेको हो।

प्रतिमेगावाट १९ करोड १६ लाख रुपियाँ मात्रै लागत पर्ने र नेपाली स्रोत सङ्कलन गरेरै निर्माण गर्न सकिने आयोजना भारतीय कम्पनीलाई दिइएको भन्दै स्थानीय बासिन्दा यसुदाकुमारी बराल वर्तमान प्रतिनिधि सभा सदस्य र अर्का अजयबहादुर शाहीले सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो। उहाँहरू दुवै जना रास्कोट नगरपालिका–८ र ५ का बासिन्दा हुनुहुन्छ।

उहाँहरूले दायर गरेको रिटमा उच्च प्रतिफल दिने जलविद्युत् आयोजना नेपालले नै लगानी गरेर अघि बढाउनुपर्नेमा भारत सरकारको एनएचपिसीलाई दिएको भन्दै समझदारीपत्र खारेजीको माग उल्लेख थियो।

गत वर्ष भदौ १६ मा फैसला भए पनि जेनजी आन्दोलनका कारण कागजात जलेकाले सर्वोच्च अदालतले ढिलो गरी फैसलाको पूर्ण पाठ सार्वजनिक गरेको हो। सर्वोच्च अदालतले स्थानीय बासिन्दाको मागबमोजिम समझदारी खारेज गर्न अस्वीकार गरे पनि उनीहरूको हित र जीवनस्तर सुधारका लागि काम गर्न सरकारलाई निर्देशनात्मक आदेश दिएको छ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' २०८० साल जेठ १७ देखि तीनदिने भारत भ्रमणमा गएका बेला फुकोट कर्णाली परियोजना सम्पन्न गर्न भारतीय कम्पनी एनएचपिसी र नेपाल सरकारका तर्फबाट विद्युत् उत्पादन कम्पनी लिमिटेडबिच समझदारीपत्रमा हस्ताक्षर भएको थियो । समझदारी अनुसार करिब ९२ अर्ब रुपियाँ लागत अनुमान गरिएको आयोजना निर्माण गर्न नेपाल र भारतले संयुक्त लगानीको कम्पनी बनाउने समझदारी भएको थियो।

फुकोट कर्णाली जलविद्युत् आयोजना बनाउने कम्पनीमा भारतको एनएचपिसी कम्पनीको ५१ प्रतिशत सेयर हुने छ भने नेपालको विद्युत् उत्पादन कम्पनी लिमिटेडको ४९ प्रतिशत सेयर हुने छ। विद्युत् उत्पादन हुन थालेपछि नेपालले २१.९ प्रतिशत बिजुली निःशुल्क पाउने अनि आयोजना सञ्चालनमा आएको २५ वर्षपछि नेपाललाई हस्तान्तरण हुने उल्लेख थियो।

सर्वोच्च अदालतले लगानीको तुलनामा निःशुल्क पाउनुपर्ने बिजुलीको मात्रा बढाउन समझदारीपत्रमा संशोधनको प्रयास गर्नू भनी सरकारका नाममा आदेश दिएको छ । संयुक्त रूपमा स्थापित हुने कम्पनीको दर्ता र नियमनमा नेपालको कानुनी व्यवस्था पालना गर्ने विषयलाई ध्यान दिनु भनेको छ। सर्वोच्चले आयोजनाबाट प्रभावित हुने व्यक्ति र उनीहरूको पुनर्स्थापना योजनासमेत स्पष्ट पारिनुपर्ने औँल्याएको छ।

अदालतले जलविद्युत् आयोजना सञ्चालन गर्दा जलस्रोत ऐनको प्रावधान अनुरूप जलस्रोतको बहुउपयोगी लाभको दीर्घकालीन योजना बनाउन निर्देशन दिएको हो । कालीकोटको अति दुर्गम स्थानमा रहेको आयोजना स्थलवरपरका स्थानीय बासिन्दाका लागि स्वच्छ पिउने पानीको व्यवस्था, गरिबी र बेरोजगारीको सम्बोधनलगायतका विषयमा ध्यान दिन सर्वोच्चले भनेको छ । प्रचलित कानुनको पालना गर्न र प्रभावित स्थानीयको न्यायोचित लाभलाई ध्यान दिन पनि सर्वोच्चले भनेको छ।

# पाण्डेयद्वारा शपथग्रहण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २५ गते*

कृषि विकास बैङ्क लिमिटेड सञ्चालक समितिको अध्यक्षमा टङ्कप्रसाद पाण्डेय नियुक्त हुनुभएको छ। नवनियुक्त अध्यक्ष पाण्डेयलाई नेपाल राष्ट्र बैङ्कको केन्द्रीय कार्यालय बालुवाटारमा गभर्नर प्राडा विश्वनाथ पौडेलले शपथग्रहण गराउनुभयो।

# वैदेशिक रोजगारमा नयाँ नेतृत्व

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २५ गते*

नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घको विशेष साधारण सभाबाट नयाँ कार्यसमिति चयन भएको छ। आइतबार राति सम्पन्न निर्वाचनबाट डिकबहादुर खत्री अध्यक्षमा नयाँ कार्यसमिति निर्वाचित हुनुभएको हो।

यसअघि २०८१ चैत २९ गते भएको ३१ औँ साधारण सभाबाट सङ्घका भुवनसिंह गुरुङ अध्यक्ष बन्नुभएको थियो तर गुरुङको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै महासचिव महेशकुमार बस्नेतसहितका बहुमत पदाधिकारीले राजीनामा दिएपछि सङ्घमा सङ्कट उत्पन्न भएको थियो। सोही गतिरोध अन्त्य गर्न विशेष साधारण सभामार्फत नयाँ नेतृत्व चयन गरिएको हो।

खत्रीको नेतृत्वको कार्यसमितिमा प्रथम उपाध्यक्षमा महेशकुमार बस्नेत, द्वितीय उपाध्यक्ष अनिल बोगटी, तृतीय उपाध्यक्ष लक्ष्मण पौडेल, महासचिव हिराबहादुर डाँगी, सचिवमा केदारनाथ अधिकारी निर्वाचित हुनुभएको छ । यस्तै कोषाध्यक्षमा धनमाया सिँजाली पुनः निर्वाचित हुनुभएको छ।

**शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र**
**बाँसबारी, काठमाडौँ**

**प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०८३।०२।२६ गते)

यस केन्द्रका लागि आवश्यक निम्नबमोजिम प्रस्ताव आह्वान भएअनुसार प्राप्त प्रस्तावहरूमध्ये तपसिलमा उल्लेखित प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकाले स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | प्रस्ताव नं. | प्रस्तावको विवरण | लट नं/आइटम नं | छनोट भएको प्रस्तावदाताको नाम, ठेगाना | कूल बोल रकम |
|---|---|---|---|---|---|
| 1. | SGNHC/ICB/ 082/83/26 | Supply and delivery of PTMC Balloon | Lot No.A (Item No. 1, 2 & 3) | Health Link Nepal Pvt.Ltd. Thapathali, Kathmandu | USD 150,500.00 |

**नेपाल खानेपानी संस्थान**
**शाखा कार्यालय, तौलिहवा**
**कपिलवस्तु**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८३।०२।२६ गते

यस नेपाल खानेपानी संस्थान शाखा कार्यालय, तौलिहवाद्वारा मिति २०८३।०१।०७ गते राष्ट्रिय दैनिक समाचारपत्र पत्रिकामा प्रकाशित ठेक्का नं. **NWSCTWA/082/83/NCB/Goods-02** मा पर्न आएका बोलपत्रहरूमध्ये तपसिलबमोजिमको बोलपत्रहरू न्यूनतम मूल्यांकित र सारभूत रूपमा प्रभावग्राही देखिन आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कार्य विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (मू.अ.कर समेत) |
|---|---|---|---|---|
| १. | NWSCTWA/082/83/ NCB/Goods-02 | Supply and Delivery of 15mm Dia AMR Compatible Volumetric type Water Meter | Amrit Bani Super Supplier P. Ltd. Chitwan | 2344467.50 |

**राक्सिराङ्ग गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चैनपुर, मकवानपुर**

**ठेक्का स्वीकृति गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८३/०२/२६ गते**

यस कार्यालयद्वारा प्रकाशित तपशिलको बोलपत्र आह्वानको सूचनाअनुसार पेश हुन आएका बोलपत्रहरूमध्ये न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही तपशिलको बोलपत्र स्वीकृतिका लागि छनोट गरिएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| सि.नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम | कबोल रकम (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|
| १. | ROAD/RAK/NCB/5-82/83/RE "Ratruwa Gingu Wada Karyalay Thulo Todke Gaijurang Road Upgradation Works" | M/S Sun Sine-Dupcheshwor JV, Kathmandu | रु. २,१३,४८,९३१।६० (अक्षरेपी रु. दुई करोड तेह लाख अठचालिस हजार नौ सय एकतिस पैसा साठी मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

# एक लाख चालिस हजार मेट्रिक टन मल मौज्दात

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २५ गते*

कृषि, वन तथा पर्यावरण मन्त्रालयले एक लाख ४० हजार मेट्रिक टन मल मौज्दात रहेको जनाएको छ।

कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनसँग एक लाख ४० हजार ८४१ मेट्रिक टन मल मौज्दात रहेको मन्त्रालयले जनाएको छ। मौज्दातमध्ये युरिया ८० हजार नौ सय मेट्रिक टन, डिएपी ४० हजार ७६० मेट्रिक टन तथा पोटास १९ हजार १८० मेट्रिक टन रहेको छ।

धानबाली (जेठदेखि असोज) सम्म दुई लाख ५० हजार मेट्रिक टन मल आवश्यक पर्नेमा पश्चिम एसियाली मुलुकमा भएको युद्धका कारण थप मल आयात गर्न नसकिएको मन्त्रालयले जनाएको छ।

**नेपाल सरकार**
**पूर्वाधार विकास मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ**
**सडक डिभिजन हेटौँडा**
**मकवानपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति २०८३/०२/२६**

यस डिभिजनको मिति २०८३/०२/१८ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं IFB: ०९-२०८२/०८३ अनुसार E-Bid मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरू मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं | स्वीकृतका लागि छनोट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.क. र PS बाहेक) |
|---|---|---|---|
| 1 | RDHTD/SQ/33701132/ 2082/083-45 | Makwanpur Construction Company Pvt. Ltd., Hetauda-14, Makwanpur | NRs. 13,49,500.00 |

**डिभिजन प्रमुख**

**पोखरा विश्वविद्यालय**

**स्नातकतह छात्रवृत्ति सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०८३/०२/२६ गते मङ्गलबार)**

पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय, व्यवस्थापन संकाय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत आंगिक स्कुल, संयुक्त आंगिक तथा सम्बन्धन प्राप्त कलेजहरूमा स्नातकतहका कार्यक्रमहरुमा छात्रवृत्तिको लागि **पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५** अनुसार उम्मेदवार छनोट गर्नुपर्ने भएकोले न्यूनतम योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ। पोखरा विश्वविद्यालय छात्रवृत्ति पोर्टल https://scholarship.pu.edu.np बाट Online Form भर्न सकिनेछ। मिति २०८३/०२/२६ गते मङ्गलबारदेखि मिति २०८३/०३/१४ गते आइतबार समय राति १२:०० बजेसम्म Online Form भर्न सकिनेछ।

**परीक्षा हुने मिति :**

(१) २०८३/०३/२० गते विज्ञान तथा प्रविधि संकाय समूह (क) को विहान ८:०० बजेदेखि ११:०० बजेसम्म र विज्ञान तथा प्रविधि संकाय समूह (ख) को दिउँसो २:०० बजेदेखि ५:०० बजेसम्म ।

(२) २०८३/०३/२१ गते व्यवस्थापन संकायको विहान ८:०० बजेदेखि ११:०० बजेसम्म र मानविकी तथा सामाजिकशास्त्र संकाय समूह (क), (ख), (ग)को दिउँसो २:०० बजेदेखि ५:०० बजेसम्म ।

सबै परीक्षाहरुको परीक्षा केन्द्र पोखरा विश्वविद्यालयको प्राज्ञिक कम्प्लेक्स, कास्कीमा कायम गरिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

छात्रवृत्ति सम्बन्धी कार्यक्रमको विस्तृत जानकारीको लागि पोखरा विश्वविद्यालयको website:https://pu.edu.np र ScholarshipPortal https://scholarship.pu.edu.np मा अनिवार्य हेर्न समेत विशेष जानकारी गराइन्छ ।

**स्नातकतह छात्रवृत्ति छनौट समिति, २०८३**
**पोखरा विश्वविद्यालय**

**शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र**
**बाँसबारी, काठमाडौँ**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**(प्रकाशन मिति २०८३/२/२६)**

यस केन्द्रबाट गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित निम्न बमोजिमको बोलपत्र ई-बिड मार्फत आह्वान गरिए अनुसार रीतपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्र खोली प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सफल भएका तपसिल बोलपत्रदाताहरूको बोलपत्र सम्बन्धीको आर्थिक प्रस्ताव २०८३/३/२ गते दिनको १२:०० बजे यस केन्द्रमा खोलिने भएकोले, सार्वजनिक खरिद नियमावलीको नियम ३१ (ज) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राविधिक प्रतिवेदन सम्बन्धी विस्तृत जानकारी www.bolpatra.gov.np/egp मा हेर्न वा केन्द्रको खरिद शाखामा सम्पर्क गर्न अनुरोध छ।

| क्रम संख्या | बोलपत्र नं. | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाता | कैफियत |
|---|---|---|---|---|
| 1 | SGNHC/NCB/ 082/83/21 | Supply & Delivery of Medicines | 1. R.S Pharmaceuticals Enterprise<br>2. Quest Pharmaceuticals Pvt. Ltd.<br>3. Vital Healthcare Pvt. Ltd.<br>4. Surgimed Distributors Pvt. Ltd.<br>5. Pharmonics Life Sciences Pvt. Ltd.<br>6. Yetichem Distributors Pvt. Ltd.<br>7. Omnica Laboratories Pvt. Ltd.<br>8. Sarathi Medicine Suppliers Pvt. Ltd.<br>9. National Healthcare Pvt. Ltd.<br>10. Global Health Care Pvt. Ltd.<br>11. DKM Pharmaceuticals Pvt. Ltd.<br>12. Pharmakon Medisales<br>13. Qmed Formulation Pvt. Ltd.<br>14. Bluemoon Meditech Pharma | |

**नेपाल सरकार**
**स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय**
**राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र टेकु, काठमाडौँ।**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८३/०२/२६ (9 June, 2026)**

यस केन्द्रको सूचना नं. NHEICC-NCB-05/082/083-Development and printing of different types of printed health messages. कार्यको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट (https/www.bolpatra.gov.np/egp) मा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लिखत बोलपत्रहरू सार्वजनिक खरिद ऐन,२०६३ को दफा २५ बमोजिम न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही रहेको तपसिल अनुसारको बोलपत्रहरू दफा २७(१) बमोजिम स्वीकृतिको लागि छनोट भएको हुँदा २७(२) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | ठेक्का नं. | छनोट भएका बोलपत्र दाताहरूको नाम, ठेगाना। | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| १. | NHEICC-NCB-05/082/083-(1.-Printing "Nagarik Aarogya" Pamphlet 0 fold) | कलासिक प्रिन्टिङ्ग सर्भिस, काठमाडौँ। | रु.४९,३८३।०४ |
| 2. | NHEICC-NCB-05/082/083-(2-Printing of one-fold pamphlet on different health program.) | इगल पिस प्रेस, काठमाडौँ। | रु.८४,०००।- |
| ३. | NHEICC-NCB-05/082/083-(3-Printing of two-fold pamphlet on different health program.) | हाइडल प्रेस प्रा.लि., काठमाडौँ। | रु.४,३१,९३५।३५ |
| ४. | NHEICC-NCB-05/082/083-(4-Printing and development of Mount board on negative consequences of smoking.) | ग्लोबल प्रिन्ट कनेक्सन प्रा. लि., काठमाडौँ। | रु.९०,३५५।५० |
| ५. | NHEICC-NCB-05/082/083-(5-Printing no smoking signage.) | हाइडल प्रेस प्रा.लि., काठमाडौँ। | रु.२,१४,५००।- |
| ६. | NHEICC-NCB-05/082/083-(6-Printing of sticker on control and regulation of tobacco products.) | इगल पिस प्रेस, काठमाडौँ। | रु.१,९२,५००।- |

**निर्देशक**